

# अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धिको कार्यान्वयन



अमूर्त सांस्कृतिक सम्पदा

UNESCO
संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

अमूर्त
सांस्कृतिक
सम्पदा



# अमूर्त

## संरक्षण महासन्धिको कार्यान्वयन

United Nations
Educational, Scientific and
Cultural Organization

**युनेस्को**

संयुक्त राष्ट्रको एक विशिष्ट निकाय, संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन (युनेस्को) शिक्षा, विज्ञान, संस्कृति र सञ्चारका क्षेत्रमा अन्तर्राष्ट्रिय सहायताको कार्य-निर्देशन पालना गर्ने उद्देश्यले सन् १९४५ को नोभेम्वर १६ मा स्थापना भएको हो । युनेस्कोले नैतिक आचरण सम्बन्धी उठिरहेका सवालहरूका सम्बन्धमा सर्वव्यापी सहमतिलाई मजबुत बनाउन उपायहरूको प्रयोगशाला र मापदण्ड-निर्धारकका रूपमा काम गर्दछ । यस संगठनले सदस्य राज्यहरूलाई उनीहरूको मानवीय तथा संस्थागत क्षमता विकास गर्न सहयोग गर्दै सूचना र ज्ञानको संप्रेषण तथा आदानप्रदानको सूचना केन्द्रका रूपमा समेत सेवा पुर्‍याउँदछ । युनेस्कोले आफ्ना रणनीति र गतिविधिहरू मार्फत विशेष गरेर विकासशील देशहरूमा अत्यन्तै गरिवीको अवस्थामा बाँचिरहेका जनसंख्याको अनुपातलाई आधामा झार्ने; सबै देशहरूमा सर्वव्यापी रूपमा प्राथमिक शिक्षा प्राप्त गर्ने; सन् २०१५ सम्म प्राथमिक तथा माध्यमिक शिक्षामा लैंगिक असमानता उन्मूलन गर्ने; र वातावरणीय स्रोतको विनाशको अहिलेको प्रतिकूल प्रवृत्तिलाई सन् २०१५ सम्ममा उल्ट्याउन दिगो विकासका लागि राष्ट्रिय रणनीतिहरूको कार्यान्वयन गर्न देशहरूलाई मद्दत गर्ने उद्देश्य लिएका सहस्राव्दी विकास लक्ष्यहरूको प्राप्तीका लागि सक्रियताका साथ लागी रहेको छ ।



फोटो © टी. फर्नान्डेज

संस्कृति युनेस्कोका कार्यसूचीका क्षेत्रहरूमध्ये एक हो । सम्पदाको सुरक्षा, पुनःस्थापना तथा संरक्षणका माध्यमबाट र सदस्य राज्यहरूमा साँस्कृतिक नीतिहरूको प्रभावकारी कार्यान्वयन एवं दिगो साँस्कृतिक उद्योगको विकासका माध्यमबाट सञ्चालन हुने यसका गतिविधिहरू युनेस्कोका सारभूत कामहरू - बहस, क्षमता-अभिवृद्धि, मापदण्ड-निर्धारण, अन्तर्राष्ट्रिय सहायता, सूचना केन्द्र - अनुरूप सञ्चालित हुन्छन् । यस क्षेत्रका कार्यक्रमहरू मूर्त र अमूर्त सबै प्रकारका साँस्कृतिक सम्पदाको सुरक्षा र संरक्षण गर्ने समग्र कार्यपद्धतिलाई महत्व दिंदै जनमानस र समुदायको दिगो विकासका लागि साँस्कृतिक विविधताको मान्यतामा भएको प्रगतीमा आधारित हुन्छन् ।

# सांस्कृतिक सम्पदा

*इक्वेडर र पेरूका जापरा समुदायको मौखिकसम्पदा एवं साँस्कृतिक प्रस्तुति*

*आयमारा समुदायका एकजना पुरुष बोलिभियाको परम्परागत सारंगी बजाउँद*

अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धि युनेस्कोको साधारण सभाद्वारा सन् २००३ मा यसको ३२ औँ सत्रमा अङ्गीकार गरिएको थियो । महासन्धि विश्वका साँस्कृतिक पहिचानहरूको विविधतालाई अध्ययन गर्न तथा तिनलाई मान्यता दिन प्रतिवेदनको मस्यौदा बनाउने, सम्मेलनहरू आयोजना गर्ने जस्ता युनेस्कोको गठन भएदेखि नै थालिएको लामो र अनवरत प्रयासहरूको प्रतिफल हो । साँस्कृतिक विविधताको प्रबर्द्धनका लागि क्रियाकलापहरूको विकासको निमित्त संस्कृतिको क्षेत्रमा भएका युनेस्कोका मापदण्ड सम्बन्धी दस्तावेजहरूमध्ये सन् २००३ को महासन्धि मुख्य दस्तावेज हो ।

फोटो © सायरीकुना

**लक्ष्य र परिभाषा**

सन् २००३ को महासन्धि, जुन अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणार्थ बनाइएको पहिलो बाध्यकारी बहुराष्ट्रिय दस्तावेज हो, यो साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरूसँग सम्बन्धित विद्यमान अन्तर्राष्ट्रिय सम्फौताहरू, सिफारिशहरू र संकल्प प्रस्तावहरू (Resolutions)मा आधारित छ र यसले तिनलाई मजवुत बनाउँदछ । यस महासन्धिले साँस्कृतिक विविधताको जगेर्ना र अमूर्त साँस्कृतिक सम्पदा संरक्षणमा भएका विद्यमान अन्तर्राष्ट्रिय विचारहरूलाई प्रतिबिम्बित गर्ने नीतिहरूको निर्माणार्थ रूपरेखाको रूपमा काम गर्दछ ।

महासन्धिका चारवटा मुख्य लक्ष्यहरू छन् :

- अमूर्त साँस्कृतिक सम्पदा **संरक्षण गर्ने**;
- सम्बन्धित समुदाय, समूह र व्यक्तिहरूको अमूर्त साँस्कृतिक सम्पदाका प्रति **सम्मान सुनिश्चित गर्ने**;
- अमूर्त साँस्कृतिक सम्पदाको महत्वका बारेमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा, एकआपसमा यसको कदर सुनिश्चित गर्दै, **चेतना जगाउने**;
- अन्तर्राष्ट्रिय सहयोग र सहायता **उपलब्ध गराउने** ।

महासन्धिको उद्देश्का लागि, अमूर्त साँस्कृतिक सम्पदा भन्नाले समुदाय, समूह तथा व्यक्तिहरूले उनीहरूको साँस्कृतिक सम्पदाको अङ्गका रूपमा मान्यता दिएका उपकरण, वस्तु, कलाकृति तथा साँस्कृतिक स्थलहरू लगायत प्रतिनिधित्व, अभिव्यक्ति, ज्ञान एवं सिपहरूलाई बुझाउँछ । यो निम्न विधाहरूमा अभिव्यक्त भएको हुन सक्छः

- **अमूर्त साँस्कृतिक सम्पदाको संवाहकका रूपमा भाषा सहित मौखिक अभिव्यक्ति तथा परम्पराहरू;**
- **प्रस्तुति कला;**
- **सामाजिक प्रचलन, रीतिरिवाज एवं चाडपर्वहरू;**
- **प्रकृति तथा ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू;**
- **परम्परागत शिल्पकारिता;**

अमूर्त साँस्कृतिक सम्पदा समुदाय र समूहद्वारा उनीहरूको परिवेश, प्रकृति र इतिहाससँगको उनीहरूको अन्तरक्रियाका आधारमा निरन्तर पुनसृर्जित हुँदै एकबाट अर्को पुस्तामा हस्तान्तरित हुन्छ । यसले उनीहरूलाई पहिचान र निरन्तरताको अनुभूति गराउँछ ।

महासन्धिले समुदायको परिभाषा दिएको छैन किन कि यसले समुदायको चरित्र खुला हुन्छ भन्ने कुरालाई मान्यता दिएको छ, जुन कुनै खास भूभागसँग जोडिनै पर्छ भन्ने छैन । तिनीहरू प्रभुत्व जमाएका वा नजमाएका हुनसक्छन्, र एउटै व्यक्ति समेत एकै समयमा विभिन्न समुदायमासँग सम्बन्धित हुन सक्छ र एकबाट अर्को समुदायमा परिवर्तित हुनसक्छ । महासन्धिका अनुसार, समुदाय, समूह र कतिपय अवस्थामा व्यक्तिहरू समेत उनीहरूको आफ्नो अमूर्त साँस्कृतिक सम्पदाको पहिचान र परिभाषित गर्दा तथा यसको व्यवस्थापनमा सक्रियरूपमा संलग्न रहनुपर्छ किन कि यस्ता सम्पदाहरूलाई सृजना गर्ने पुनर्सिजित गर्ने जगेर्ना र हस्तान्तरण गर्ने उनीहरू नै हुन् ।

महासन्धिको मुख्य उद्देश्य समुदाय र समूहभित्र अमूर्त साँस्कृतिक सम्पदाको दीर्घकालसम्म जीवन्तता सुनिश्चित गर्नु हो भन्ने कुरालाई जोड दिनका लागि 'संरक्षण' शव्दावली महत्वपूर्ण छ । महासन्धिमा 'संरक्षण'लाई 'खास गरेर औपचारिक र अनौपचारिक शिक्षाका साथै यस्ता सम्पदाहरूका विभिन्न पक्षहरूको पुनर्जीवनीकरणका माध्यमबाट पहिचान, अभिलेखीकरण, अनुसन्धान, संरक्षण, सुरक्षा, प्रबर्द्धन, अभिवृद्धि, हस्तान्तरण लगायत अमूर्त साँस्कृतिक सम्पदाको जीवन्तता सुनिश्चित गर्नका लागि अपनाइने उपायहरूका रूपमा परिभाषित गरिएको छ ।

महासन्धि समुदायले महत्वपूर्ण मानेका अमूर्त सम्पदाको जीवन्त अभिव्यक्तिमा केन्द्रित छ । यी अभिव्यक्तिहरूले उनीहरूलाई पहिचान र निरन्तरताको अनुभूति गराउँछन् । महासन्धिले ठूलो र सानो भनी अमूर्त साँस्कृतिक सम्पदाको अनुक्रम तोकेको छैन, सबै अभिव्यक्तिहरूलाई समानरूपमा महत्व दिइएको छ । यसले विद्यमान अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजहरूका साथै समुदाय, समूह र व्यक्तिहरूकाबीच आपसी सम्मानका आवश्यकताहरूसँग मेल खाने अमूर्त साँस्कृतिक सम्पदाका अभिव्यक्तिहरूलाई मात्रै मान्यता दिएको छ । महासन्धिले अमूर्त साँस्कृतिक सम्पदालाई सामाजिक मेलमिलाप, अन्य समूहहरूको साँस्कृतिक





फोटो © जाम्बिया नेशनल कमिसन फर युनेस्को

*छद्मभेष लगाएर मनाइने जाम्वियाको मकाशी प्रस्तुति*

पहिचानको कदर र दिगो विकासको साधनका रूपमा समेत मान्यता दिएको छ ।

अन्य अन्तर्राष्ट्रिय मापदण्ड सम्बन्धी दस्तावेजहरूसँगको यसको सम्बन्धका बारेमा, महासन्धिको धारा ३ मा (क) अमूर्त साँस्कृतिक सम्पदाको एउटा विषय प्रत्यक्ष रूपमा सम्बद्ध भएको विश्वसम्पदा निधिको विश्व साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षणसँग सम्बन्धित १९७२ को महासन्धि अन्तर्गतको संरक्षणको अवस्थालाई परिवर्तन गर्ने तथा त्यसको स्तरलाई घटाउने, वा (ख) बौद्धिक सम्पत्ति अधिकारसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई आधार मानेर पक्षराज्यहरूको अधिकार र दायित्वमा प्रभावित पार्ने गरी महासन्धिको व्याख्या गर्न पाइने छैन भनेर व्याख्या गरेको छ ।

### आधिकारिक निकायहरू

महासन्धिका पक्षराज्यहरूको साधारण सभा महासन्धिको सर्वोच्च निकाय हो । साधारण सत्रका लागि साधारण सभाको बैठक हरेक दुई वर्षमा बस्दछ र यसले आवश्यक ठानेमा वा समितिको वा कम्तिमा एकतिहाइ पक्षराज्यहरूको अनुरोधमा कुनै पनि समयमा बैठक बस्न सक्नेछ । साधारण सभाले महासन्धिको कार्यान्वयनका लागि रणनैतिक अभिमुखिकरण दिनुका साथै अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका लागि २४ सदस्यीय अन्तरसरकारी समितिको चुनाव गर्दछ । हरेक दुईवर्षमा समितिका आधा सदस्यहरूको नविकरण हुन्छ । विचारहरूको विविधता तथा विश्वभरिका अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका उपायहरूलाई प्रतिबिम्बित गर्ने उद्देश्यले साधारण सभाले समितिका सदस्यहरूको निर्वाचनमा समतामूलक भौगोलिक वितरणको सिद्धान्त लागू गर्ने निर्णय गरेको छ । हरेक क्षेत्रबाट समानुपातिकरूपमा प्रतिनिधित्व गर्ने समितिका सदस्यहरूको संख्या उक्त क्षेत्रमबाट पहिले नै महासन्धिको अंगीकार गरेका राज्यहरूको संख्यामा निर्भर गर्दछ ।

साधारण सत्रका लागि समितिको बैठक प्रत्येक वर्षमा बस्दछ भने कम्तिमा दुईतिहाइ सदस्यराज्यहरूको अनुरोधमा अतिरिक्त सत्रका लागि पनि बैठक बस्नसक्दछ । यसका मुख्य कामहरू निम्नानुसार छन् :

- महासन्धिका **उद्देश्यहरू प्रबर्द्धन गर्ने**, उत्तम अभ्यासहरूका बारेमा मार्गदर्शन प्रदान गर्ने तथा अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणका लागि अपनाउनु पर्ने उपायहरूका बारेमा सिफारिसहरू बनाउने;
- महासन्धिले अवलम्बन गरेका मार्गदर्शनहरू तथा अर्धबार्षिक योजनाहरू अनुसार अमूर्त साँस्कृतिक सम्पदा कोषको **स्रोत उपयोग गर्ने**;
- पक्षराज्यहरूद्वारा प्रस्तावित अमूर्त साँस्कृतिक सम्पदा अभिव्यक्तिहरूलाई महासन्धिको धारा १६ र १७ मा उल्लेखित सूचीमा **सूचिकृत गर्ने**;
- पक्षराज्यहरूले महासन्धिको धारा १८ मा उल्लेख गरिए अनुसार पेश गरेका कार्यक्रम, परियोजना तथा क्रियाकलापहरू जसले महासन्धिको उद्देश्य र सिद्धान्तहरूलाई सर्वोत्तमरूपमा प्रतिबिम्बित गर्दछन्, लाई **छनौट तथा प्रबर्द्धन गर्ने**;
- गैरसरकारी संस्थाहरूलाई आधिकारिक मान्यताका लागि साधारण सभामा **प्रस्ताव गर्ने**, जसको समितिका लागि सरसुझाव दिने काम हुनसक्छ ।

महासन्धिले साधारण सभा र समितिलाई उनीहरूको बैठकका कागजातहरू तयार पार्न तथा तिनीहरूका निर्णयहरू कार्यान्वयन गराउन युनेस्कोको सचिवालयले मद्दत गर्नेछ भन्ने उल्लेख समेत गरेको छ ।

### कार्यसञ्चालन निर्देशिकाहरू

महासन्धिको धारा ७ ले समितिका कार्यहरूमध्ये एक महासन्धिको कार्यान्वयनका लागि कार्यसञ्चालन निर्देशिकाहरू तयार पारी स्वीकृतिका लागि साधारण सभामा पेश गर्ने हो भन्ने व्यवस्था गरेको छ । साधारण सभाले पहिलो कार्यसञ्चालन निर्देशिका जुन २००८ मा पारित गरेको थियो र भावी बैठकहरूमा तिनीहरूलाई पूर्णता दिने र पुनरावलोकन गर्ने कामलाई जारी राख्नेछ ।

कार्यसञ्चालन निर्देशिकाले अन्य कुराहरूका अतिरिक्त अमूर्त साँस्कृतिक सम्पदालाई महासन्धिको सूचीमा सूचिकृत गर्नका लागि पालना गर्नुपर्ने प्रक्रियाहरू, अन्तर्राष्ट्रिय आर्थिक सहायताको व्यवस्थापन, गैरसरकारी संस्थाहरूलाई समितिका लागि सल्लाहकारका हैसियतले काम गर्नका लागि आधिकारीक मान्यता दिने वा महासन्धिको कार्यान्वयनमा समुदायको संलग्नतालाई दर्शाइएको छ ।



फोटो © युनेस्को । अनाहित मिनास्यन

↻ *क्रस-क्राफ्टिङ, लिथुवानिया*

***सूची तथा महासन्धिका सिद्धान्त तथा उद्देश्यहरूलाई सर्वोत्कृष्टरूपमा प्रतिबिम्बित गर्ने कार्यक्रमहरू***

संरक्षणका उपयुक्त उपायहरू अपनाउने उद्देश्यले महासन्धिको धारा १७ ले तत्काल संरक्षण गर्नुपर्ने अमूर्त साँस्कृतिक सम्पदा सूची (तत्काल संरक्षण सूची) स्थापित गरिएको छ । अमूर्त साँस्कृतिक सम्पदाको अझै राम्रो दृष्यता सुनिश्चित गर्न र यसको महत्वकाबारेमा चेतना जगाउन अर्को सूची, मानवताका प्रतिनिधिमूलक अमूर्त साँस्कृतिक सम्पदा सूची (प्रतिनिधिमूलक सूची) स्थापित गरेको छ (धारा १६) ।

पक्षराज्यहरूले मात्रै महासन्धिका सूचीहरूमा समावेश गर्न अमूर्त साँस्कृतिक सम्पदातत्वहरूलाई मनोनयन गर्न सक्नेछन् । सूचिकरणका आधारहरू, प्रकार र प्रक्रियाहरू कार्यसञ्चालन निर्देशिकाहरूको खण्ड १ मा उल्लेख गरिएको छ ।

दुईवटा सूचीहरूका अतिरिक्त महासन्धिको धारा १८ मा विकासशील देशहरूका विकासका विशेष आवश्यकताहरूलाई ध्यानमा राख्दै, महासन्धिको सिद्धान्त र उद्देश्यहरूलाई सर्वोत्तपरूपमा प्रतिबिम्बित भएको लागेमा समितिले आवधिक रूपमा संरक्षण कार्यक्रम, परियोजना तथा गतिविधिहरूको छनौट तथा प्रबर्द्धन गर्न सक्नेछ भनेर उल्लेख गरिएको छ । यी संरक्षण गतिविधिहरूका लागि अन्तर्राष्ट्रिय सहायता पनि प्रदान गरिन्छ ।

मनोनयन फाइलहरू पेश गर्नका साथै संरक्षण कार्यक्रम, परियोजना वा क्रियाकलापहरूका लागि प्रस्तावपत्र पेश गर्नका लागि फारम तथा प्रक्रियाहरू **www.unesco.org/culture/ich/en/forms/** मा उपलब्ध छन् ।

***अन्तर्राष्ट्रिय सहायता***

आफ्ना लक्ष्यहरू प्राप्त गर्नमा बढीभन्दा बढी प्रभावकारी बन्न सकोस् भन्नका लागि महासन्धिले, खास गरेर अमूर्त साँस्कृतिक सम्पदा कोष मार्फत अन्तर्राष्ट्रिय सहयोग तथा सहायताका लागि संयन्त्रहरूको स्थापना गरेको छ । कार्यसञ्चालन निर्देशिकाको खण्ड २ अनुसार कोषको बाँडफाँडमा तत्काल संरक्षण सूचीमा भएका सम्पदाहरूको संरक्षण र विवरणसूचीको निर्माणलाई विशेष प्राथमिकता दिइएको छ । आकस्मिक सहायता प्रदान गर्न वा समुदाय वा समूहका सदस्यहरू र अमूर्त साँस्कृतिक सम्पदाका विज्ञहरूले समितिका सत्रहरूमा सहभागी हुनका लागि पनि कोषको प्रयोग

**तत्काल संरक्षण सूचीः सूचिकरणका आधारहरू**

**यू.१** उक्त सम्पदातत्वमा महासन्धिको धारा २ मा परिभाषित गरिए अनुसारको अमूर्त साँस्कृतिक सम्पदा सन्निहित भएको ।

**यू.२** (अ) सम्बन्धित समुदाय, सूमह र उपयुक्त भएमा व्यक्ति र पक्ष(हरू) राज्य(हरू)ले प्रयास गर्दागर्दै पनि उक्त सम्पदातत्वको जीवन्तता जोखिममा परेका कारण त्यसलाई तत्काल संरक्षण गर्नु आवश्यक भएको;

वा

(आ) यसमाथि गंभीर खतरा आइपरेका कारण तत्काल संरक्षण नगर्ने हो भने यसलाई जोगाउने अपेक्षा गर्न नसकिने हुँदा उक्त सम्पदातत्वलाई सिघ्रातिसिघ्र संरक्षणको आवश्यकता परेको ।

**यू.३** सम्पदातत्वको अभ्यासलाई निरन्तरता दिन एवं त्यसको हस्तान्तरणका लागि सम्बन्धित समुदाय, समूह र उपयुक्त भएमा व्यक्तिहरूलाई सक्षम बनाउने संरक्षण योजनाको सविस्तार चर्चा गरिएको ।

**यू.४** उक्त सम्पदातत्वको मनोनयन सम्बन्धित समुदाय, समूह र उपयुक्त भएमा व्यक्तिहरूको वृहत सहभागितामा उनीहरूको पूर्व, स्वतन्त्र एवं सुसूचित सहमतिपछि मात्र गरिएको ।

**यू.५** उक्त सम्पदातत्व मनोनयनका लागि पेश गर्ने पक्ष(हरू)राज्य(हरू)को भूभागमा भएका अमूर्त साँस्कृतिक सम्पदाको विवरणसूचीमा समावेश गरिएको ।

**यू.६** अत्यन्तै जरूरत भएको खण्डमा, महासन्धिको धारा १७.३ का अनुसार उक्त सम्पदातत्वको सूचिकरणका लागि सम्बन्धित पक्ष(हरू)राज्य(हरू)सँग यथोचित परामर्श गरिएको ।

फोटो © ZED । बेनोइत सेगर

गरिन्छ । अन्तर्राष्ट्रिय सहायता अनुरोध गर्नका लागि चाहिने सबै फारम तथा प्रक्रियाहरू **www.unesco.org/culture/ich/en/forms/** मा उपलब्ध छन् ।

पक्षराज्यहरूलाई नियमित योगदानहरूका अतिरिक्त ऐच्छिक योगदान गर्न प्रोत्साहित गरिन्छ र यी योगदानहरूले महासन्धिको कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

## प्रतिनिधिमूलक सूचीः सूचिकरणका आधारहरू

**आर.१** उक्त सम्पदातत्वमा महासन्धिको धारा २ मा परिभाषित गरिए अनुसारको अमूर्त साँस्कृतिक सम्पदा सन्निहित रहेको ।

**आर.२** उक्त सम्पदातत्वको सूचिकरणले अमूर्त साँस्कृतिक सम्पदाको महत्वको दृष्यता र सचेतनाको सुनिश्चित गर्न तथा संवादलाई अभिप्रेरित गर्नमा योगदान पुऱ्याउनेछ र यसरी विश्वव्यापी साँस्कृतिक विविधताको प्रतिबिम्बित गर्नुका साथै मानव सृजनशीलताको प्रमाण प्रदर्शित गर्ने ।

**आर.३** उक्त सम्पदातत्वको संरक्षण र प्रवर्द्धन गर्नसक्ने संरक्षणका उपायहरूको सविस्तार उल्लेख गरिएको ।

**आर.४** उक्त सम्पदातत्व सम्बन्धित समुदाय, समूह र उपयुक्त भएमा व्यक्तिहरूको यथासंभव वृहत सहभागितामा उनीहरूको पूर्व, स्वतन्त्र एवं सुसूचित सहमतिपछि मनोनित गरिएको ।

**आर.५** उक्त सम्पदातत्वलाई मनोनयनका लागि पेश गर्ने पक्ष(हरू)राज्य(हरू)को भूभागमा भएका अमूर्त साँस्कृतिक सम्पदाको विवरणसूचीमा समावेश गरिएको ।

*⮋ शाही पैत्रिक रिवाज तथा संगीत, जाङ्म्यो मन्दिर, गणतन्त्र कोरिया,*

*⮋⮋ उर्टीइन दू – परम्परागत लोक गीत, मंगोलिया र चीन*



फोटो © कोरियाली कल्चरल प्रोपर्टिज एडमिनिस्ट्रेसन





फोटो © इन्स्टिट्युटो निकारागुवेंस डि कल्टरा (INC)



फोटो © फ्रासियोस–जेमियर फ्रिल्याण्डा युनेस्को

## धारा १८ः छनौटका आधारहरू

**पी.१** कार्यक्रम, योजना, अथवा क्रियाकलापमा महासन्धिको धारा २.३ मा परिभाषित गरिए अनुसारका संरक्षणका उपायहरू संलग्न गरिएको ।

**पी.२** कार्यक्रम, परियोजना, अथवा क्रियाकलापले क्षेत्रीय, उपक्षेत्रीय र/वा अन्तर्राष्ट्रिय स्तरमा अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका लागि गरिएका प्रयत्नहरूको समन्वयलाई प्रवर्द्धन गर्ने ।

**पी.३** कार्यक्रम, परियोजना वा क्रियाकलापले महासन्धिका सिद्धान्त तथा उद्देश्यहरूलाई प्रतिबिम्बित गर्ने ।

**पी.४** यदि पहिल्यै सम्पन्न भइसकेको भए, सम्बन्धित कार्यक्रम, परियोजना वा क्रियाकलापले सम्बन्धित अमूर्त साँस्कृतिक सम्पदाको जीवन्तताका लागि योगदान पुऱ्याउन प्रभावकारीता दर्शाएको । यदि अझै योजना निर्माणकै अवस्था वा कार्यान्वयनकै चरणमा रहेको भए, सम्बद्ध अमूर्त साँस्कृतिक सम्पदाको जीवन्ततामा प्रष्टसँग योगदान पुऱ्याउन सक्ने उचित अपेक्षा गर्न सकिन्छ ।

**पी.५** कार्यक्रम, परियोजना वा क्रियाकलाप सम्बन्धित समुदाय, समूह वा, उपयुक्त भएमा व्यक्तिहरूको सहभागितामा उनीहरूको पूर्व, स्वतन्त्र एवं सुसूचित सहमतिपछि कार्यान्वयन गरिएको छ र गरिनेछ ।

**पी.६** उक्त कार्यक्रम, परियोजना वा क्रियाकलापले संरक्षण क्रियाकलापका लागि परिस्थितिअनुसार उपक्षेत्रीय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय नमूनाकारूपमा काम गर्नसक्ने ।

**पी.७** यदि उनीहरूको कार्यक्रम, परियोजना वा क्रियालाप छनौट भएमा अनुरोध पेश गर्ने पक्ष(हरू) राज्य(हरू), कार्यान्वयन गर्ने निकाय(हरू) तथा सम्बद्ध समुदाय, समूह वा, उपयुक्त भएमा, व्यक्तिहरू उक्त कार्यक्रम, परियोजना वा क्रियालापहरूलाई उत्कृष्ट अभ्यासकारूपमा प्रचारप्रसार गर्नका लागि सहयोग गर्न इच्छुक भएको ।

**पी.८** उक्त कार्यक्रम, परियोजना वा क्रियाकलापले अनुभवहरूको रूपरेखा प्रस्तुत गर्दछ, जुन तिनीहरूको नतिजाहरूको मूल्याङ्कनप्रति अतिसंवेदनशील छन् ।

**पी.९** उक्त कार्यक्रम, परियोजना वा क्रियाकलाप मुख्यतया विकासशील देशहरूका खास आवश्यकताहरूका लागि लागू हुनेछ ।

फोटो © मलेशियन नेशनल कल्चर एण्ड आर्ट्स डिपार्टमेन्ट

*एल गेग्वुआंश, निकारागुवा*

*भिम्बुजा धामी नाच, मालावी*

विभिन्न स्रोतहरूबाट प्राप्त हुने अतिरिक्त आर्थिक सहयोगले नयाँ क्रियाकलाप र कार्यक्रमहरू कार्यान्वयन गर्नका साथै विद्यमान कार्यक्रमहरूलाई विस्तार गर्ने युनेस्कोको क्षमता अभिवृद्धि गर्दछ । जापान, नर्वे, स्पेन, इटाली, बेल्जियम, गणतन्त्र कोरिया र संयुक्त अरब इमिरेट्सका साथै युरोपियन कमिसन लगायतका सदस्य राज्यहरूले विश्वका साँस्कृतिक सम्पदाहरूको संरक्षणका लागि महत्वपूर्ण योगदानको नेतृत्व गरेका छन् ।

### *महासन्धि कार्यान्वयनमा सहभागिता*

महासन्धिको कार्यान्वनमा समुदाय, समूह र उपयुक्त भएमा व्यक्तिहरूका साथै विशेषज्ञ, विशेषज्ञताकेन्द्र र अनुसन्धानकेन्दहरूले खेल्न सक्ने भूमिकाका बारेमा कार्यसञ्चालन निर्देशिकाको खण्ड ३ मा चर्चा गरिएको छ । खण्ड ३ मा गैरसरकारी संस्थाहरूको सहभागिताका लागि निर्देशिकाहरू समेत समावेश गरिएको छ ।

महासन्धिले परम्परा-धारक समुदाय र समूहहरूका बारेमा सामान्यरूपमा चर्चा गरेको छ । महासन्धिको मर्म अनुसार समुदायलाई कुनै खास भूभागसँग जोडेर हेर्नै पर्ने भन्दा पनि यसको चरित्रलाई खुल्ला रुपमा बुझ्नुपर्ने हुन्छ । महासन्धि कार्यान्वयनमा तिनीहरूको मुख्य भूमिकालाई धारा २.१ मा दिइएको अमूर्त साँस्कृतिक सम्पदाको परिभाषामा पहिल्यै समावेश गरिएको छ । महासन्धिको धारा ११, १३ र १५ ले अन्य कुराहरूका अतिरिक्त, पक्षराज्यहरूले उनीहरूको भूभागमा रहेका अमूर्त साँस्कृतिक सम्पदा संरक्षण सुनिश्चित गर्न आवश्यक उपायहरू अपनाउन र उक्त अमूर्त सम्पदातत्वलाई पहिचान र परिभाषित गर्दा समुदाय, समूह र उपयुक्त गैरसरकारी संस्थाहरूलाई समावेश गर्नुपर्ने प्रावधान गरेको छ । अमूर्त साँस्कृतिक सम्पदालाई उनीहरूका संरक्षण क्रियाकलापहरूको प्रारूपभित्र रही सृजना, जगेर्ना र हस्तान्तरण गर्ने तथा यसको व्यवस्थापनमा संलग्न गराउन पक्षराज्यहरूले



माक यङ नाट्यशाला, मलेशिया

समुदाय, समूह र व्यक्तिहरूको यथासम्भव वृहत सहभागिता सुनिश्चित गर्न प्रयत्न गर्नेछन् ।

महासन्धिमा समुदाय र समूहहरूलाई दिइएको भूमिकालाई कार्यसञ्चालन निर्देशिकाहरूमा पनि पुनः जोड दिएको छ । उदाहरणका लागि, सम्बन्धित समुदाय वा समूहको स्वतन्त्र, पूर्व एवं सुसूचित सहमतिबिना महासन्धिको सूचीमा सूचिकरण वा राम्रा अभ्यासहरूको रजिस्ट्रीमा समावेश गर्न सकिँदैन । अन्तर्राष्ट्रिय सहायताबाट सञ्चालित हुने संरक्षण कार्यक्रमहरूको तयारी र कार्यान्वयनमा पनि यस्तो संलग्नता आवश्यक पर्दछ र यदि महासन्धिका सिद्धान्त तथा उद्देश्यहरूलाई उत्कृष्ट रूपमा प्रतिबिम्बित गरेको भनी समितिद्वारा उनीहरूका कार्यक्रम, परियोजना र क्रियाकलापहरू छनौट भएमा उत्तम अभ्यासहरूको प्रचारप्रसारमा सहयोग गर्न उनीहरूइच्छुक हुनै पर्दछ । अन्य थुप्रै कुराहरूका अतिक्ति, कार्यसञ्चालन निर्देशिकाले पक्षराज्यहरूलाई अमूर्त साँस्कृतिक सम्पदा पहिचान तथा परिभाषित गर्न, विवरणसूची तयार गर्न, कार्यक्रम, परियोजना र क्रियाकलापहरू निर्माण गर्न, मनोनयन फाइलहरूको तयारी र सूचीबाट सम्पदातत्व हटाउने वा अन्य सूचीमा स्थानान्तरण गर्न उनीहरूका साथै विशेषज्ञ, विशेषज्ञताकेन्द्र तथा अनुसन्धानकेन्दहरूको सहभागितालाई सहजीकरण गर्न परामर्श निकाय वा समन्वयकारी संयन्त्र निर्माण गर्न प्रेरित गरेको छ ।

अमूर्त साँस्कृतिक सम्पदा संरक्षणमा दक्षता, विशेषज्ञता र अनुभवसिद्ध एवं महासन्धिको मर्म अनुरूपको उद्देश्य भएका तथा कार्यान्वयन सम्बन्धी क्षमता भएका गैरसरकारी संस्थाहरूलाई समितिका लागि सल्लाह दिने कार्यका लागि आधिकारिक मान्यता प्रदान गर्न सकिनेछ । उनीहरूलाई तत्काल संरक्षण सूचीका लागि पेश गरिएका मनोनयन फाइलहरू, अमेरिकी डलर २५,००० भन्दा बढीको अन्तर्राष्ट्रिय सहायता अनुरोधहरू वा महासन्धिको धारा १८ मा उल्लेखित कार्यक्रम, परियोजना र क्रियाकलापहरूको मूल्यांकन गर्नका लागि अनुरोध गर्न सकिनेछ । तिनीहरूको आधिकारिक मान्यताका लागि आवश्यक प्रक्रियाहरू कार्यसञ्चालन निर्देशिकाको खण्ड ३ मा उल्लेख गरिएको छ ।



फोटो © जेइमी ब्रटोन्स

*⇧अकाइन्स कला, किर्गिजका कथाबाचकहरू*

*⇩द मोस्सेम अफ टान-टान, मोरक्का*



फोटो © युनेस्को माइकल रामास्साङ

***प्रतिवेदन पेश गर्ने***

पक्षराज्यहरूले महासन्धिको कार्यान्वयनका लागि अवलम्बन गरेका कानूनी, नियामक एवं अन्य उपायहरूका बारेमा महासन्धि अन्तर्गत स्थापित अन्तरसरकारी समिति समक्ष आवधिक रूपमा प्रतिवेदन पेश गर्नुपर्दछ (धारा २९) । यी प्रतिवेदनहरूले अमूर्त साँस्कृतिक सम्पदा विवरणसूची निर्माण गरी तिनलाई कसरी अद्यावधिक गरिएको छ भन्ने जानकारीहरू पनि उपलब्ध गराउँदछन् । कार्यसञ्चालन निर्देशिकाको खण्ड ४ मा उल्लेख गरिएअनुसार, पक्षराज्यले उसको अनुमोदन, स्वीकृति वा समर्थनको दस्तावेज जम्मा गराएको छैटौं वर्षको डिसेम्वर १५ तारिखसम्म र त्यसपछि प्रत्येक छैटौं वर्षमा प्रतिवेदन पेश गर्नु पर्नेछ । यी प्रतिवेदनहरूले प्रतिनिधिमूलक सूचीमा सूचिकृत भएका राज्यको भौगोलिक क्षेत्रभित्र रहेका सबै अमूर्त साँस्कृतिक सम्पदातत्वहरूको अवस्था सम्बन्धी जानकारीहरू समेत समावेश गर्नेछन् । हरेक पक्षराज्यले उनीहरूको भौगोलिक क्षेत्रभित्र रहेका तत्काल संरक्षण सूचीमा सूचिकृत अमूर्त साँस्कृतिक सम्पदा तत्वहरूको अवस्थाकाबारेमा समितिलाई प्रतिवेदन पेश गर्नु पर्नेछ । यस्ता प्रतिवेदनहरू सामान्यतया सम्पदातत्व सूचिकृत भएको चौथो वर्षको डिसेम्वर १५ सम्ममा र त्यसपछि हरेक चौथो वर्षमा पेश गर्नु पर्नेछ ।

***दृष्यता***

अमूर्त साँस्कृतिक सम्पदको महत्वका बारेमा राष्ट्रिय स्तरमा जनचेतना जगाउन अपनाइएका उपायहरू बाहेक समितिले यसका विश्वव्यापी कार्यक्रमहरूको दृष्यता बढाउन विभिन्न उपायहरू अपनाएको छ । उदाहरणका लागि, समितिले प्रतिकचिह्न बनाउन पहलकदमी गर्‍यो; यसले महासन्धिको दृश्यतालाई बढाइ अमूर्त साँस्कृतिक सम्पदाको महत्वका बारेमा चेतना अभिवृद्धि गर्नमा सहयोग पुर्‍याउनेछ । साधारण सभाले उक्त प्रतिकचिह्नलाई २००८को जूनमा छनौट गरेको थियो । सचिवालयले वेभसाइट (**www.unesco.org/culture/ich**) लाई पनि प्रयोगमा ल्याएको छ जसमा सबै दस्तावेजहरू, समिति र साधारण सभाहरूका बैधानिक बैठक निर्णयहरूका साथै अमूर्त सम्पदाकोबारेमा थप जानकारीहरू प्राप्त गर्न सकिन्छ । सचिवालयले अमूर्त साँस्कृतिक सम्पदाकाबारेमा संसारभरबाट तथ्यांकहरू एकत्रित गर्न समेत शुरू गरेको छ ।

***पक्षराज्य बन्ने***

महासन्धिका प्रावधानहरू महासन्धिको पक्ष बनेका राज्यहरू, अर्थात युनेस्कोका सदस्य राज्यहरू जसले महासन्धि लागू गर्नका लागि यसको अनुमोदन (वा स्वीकृति, समर्थन वा प्रवेशको) दस्तावेज युनेस्कोका महानिर्देशकसमक्ष पेश गरेकाछन्, ती राज्यहरूको भूभागभित्र मात्रै लागू हुन्छन् ।

अनुमोदन भनेको 'त्यस्तो अन्तर्राष्ट्रिय व्यवस्था हो जहाँ राज्यले सन्धिअनुरूप बाध्यकारी हुने गरी अन्तर्राष्ट्रियस्तरमा उसको सहमति स्थापित गर्दछ' (ल अफ ट्रिटीज सम्बन्धि भियना महासन्धि, धारा २(१)(ख)) । स्वीकृति, समर्थन र प्रवेशको त्यत्तिकै कानूनी प्रभाव हुन्छ जति अनुमोदनको हुन्छ । पक्षराज्यले अनुमोदन, स्वीकृति, समर्थन वा प्रवेशका लागि उसका दस्तावजेहरू जम्मा गराएको तीन महिनापछि महासन्धि लागू हुन्छ । महासन्धिका पक्षराज्यहरूको अद्यावधिक सूची **www.unesco.org/culture/ich** मा उपलब्ध छ ।

महासन्धि अनुमति प्रदान गर्ने खालको दस्तावेज हो र यसका अधिकांश धाराहरू गैरनिर्देशनात्मक भाषामा लेखिएका छन्, जसले गर्दा यसको कार्यान्वयनका उपायहरू अपनाउँदा सरकार लचिलो बन्न सक्छ । तथापि, पक्षराज्यहरूले अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण गर्न सबै प्रकारका अन्तर्राष्ट्रिय सहयोगलाई प्रेरित एवं प्रोत्साहित गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उपयुक्त उपायहरू अपनाउनु आवश्यक छ । यसको कार्यान्वयनका लागि महासन्धि र कार्यसञ्चालन निर्देशिकाहरूमा व्यवस्था गरिएका विशिष्ट दायित्वहरूको सारांश तल दिइएको छ :

- महासन्धिका अनुसार पक्षराज्यहरूले उनीहरूको भौगोलिक क्षेत्रभित्र पर्ने अमूर्त साँस्कृतिक सम्पदा संरक्षणको सुनिश्चित गर्न आवश्यक उपायहरू अपनाउन र उक्त अमूर्त साँस्कृतिक सम्पदातत्वको पहिचान र परिभाषित गर्न समुदाय, समूह र उपयुक्त गैरसरकारी संस्थालाई समावेश गर्नु आवश्यक छ । संरक्षणका दृष्टिले पहिचान गरेको सुनिश्चित गर्न पक्षराज्यहरूले उनीहरूको भौगोलिक क्षेत्रमा रहेका अमूर्त साँस्कृतिक सम्पदाको एक वा सोभन्दा बढी विवरणसूचीहरू तयार पार्नु पर्नेछ, जसलाई नियमित रूपमा अद्यावधिक गरिनेछ । महासन्धिका अन्य धाराहरूका तुलनामा धारा ११ र १२ बढी निर्देशनात्मक भएता पनि तिनीहरूले पक्षराज्यलाई उसले विवरणसूची कसरी तयार पार्ने हो भनी निर्णय गर्नका लागि लचकता भने प्रदान गर्दछन् । महासन्धिको अनुमोदन गर्नुभन्दा पहिले पक्षराज्यले एक वा सोभन्दा बढी विवरणसूची तयार गर्न बाध्यकारी हुँदैन । यसको विपरित, विवरणसूचीको निर्माण र अद्यावधिक गर्ने काम अमूर्त साँस्कृतिक सम्पदाको हस्तान्तरणलाई सुनिश्चित गर्ने दृष्टिले यसको पहिचान गर्ने उद्देश्यले गरिने नियमित चलिरहने प्रक्रिया हो ।

- महासन्धिको धारा १३, १४ र १५ ले संरक्षण एवं चेतना अभिवृद्धिका उपायहरू प्रस्ताव गरेकोछ, जसलाई पक्षराज्यहरूले अमूर्त साँस्कृतिक सम्पदाको सृजना, जगेर्ना र हस्तान्तरण गर्ने समुदाय, समूह र उपयुक्त भएमा व्यक्तिहरूको यथासंभव वृहत सहभागितामा कार्यान्वयनमा ल्याउन प्रयन्त गर्ने छन् ।

- पक्षराज्यहरूले महासन्धिको धारा २५ अन्तर्गत स्थापित कोषमा नियमितरूपमा योगदान दिनु आवश्यक हुन्छ । महासन्धिको धारा २६.२ मा उल्लेख भए अनुसार घोषणा नगर्ने पक्षराज्यहरूले, कम्तिमा प्रत्येक दुई वर्षमा, युनेस्कोको नियमित बजेटमा उनीहरूले गर्ने योगदानको १% रकम तिर्नेछन् । महासन्धिको धारा २६.२ मा उल्लेख भए अनुसार घोषणा गर्ने पक्षराज्यहरूले, कम्तिमा प्रत्येक दुई वर्षमा संभव भएसम्म युनेस्कोको नियमित बजेटमा उनीहरूले प्रदान गर्नु पर्ने रकमको १% को नजिक हुनेगरी प्रदान गर्नेछन् ।

*एल्चीको रहस्यात्मक नाटक, स्पेन*




फोटो © किर्गिज नेशनल कमिसन फर युनेस्को

आर्थिक सहयोग

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

एसिया-प्रशान्त क्षेत्रमा
अमूर्त सांस्कृतिक सम्पदाका
लागि युनेस्कोे संरक्षित
अन्तर्राष्ट्रिय सूचना तथा
संजाल केन्द्र

- पक्षराज्यहरूले महासन्धिको कार्यान्वयनका लागि अपनाइएका कानूनी, नियमनकारी र अन्य उपायहरूका बारेमा आवधिक रूपमा अन्तरसरकारी समितिसमक्ष प्रतिवेदनहरू पेश गर्नुपर्नेछ (धारा २९) । यी प्रतिवेदनहरूमा प्रतिनिधिमूलक सूचीमा सूचिकृत गरिएका उक्त राज्यहरूको भूभागमा अवस्थित अमूर्त साँस्कृतिक सम्पदातत्वहरूको अवस्थाका बारेमा समेत सूचनाहरू समावेश गर्नुपर्नेछ । हरेक पक्षराज्यहरूले उनीहरूको भूभागमा रहेका तत्काल संरक्षण सूचीमा सूचिकृत अमूर्त साँस्कृतिक सम्पदा सूचीको अवस्थाका बारेमा समेत समिति समक्ष प्रतिवेदन पेश गर्नेछन् ।









**कसरी एउटा राज्य महासन्धिको पक्ष बन्दछ ?**

सम्बद्ध राज्यले युनेस्कोका महानिर्देशकसमक्ष निम्नानुसारको दस्तावेज बुझाउँछ :

**अनुमोदन/स्वीकृति/समर्थन/प्रवेशको नमूना दस्तावेज**

हामी ..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

(देश) .......................................................................... का
(राष्ट्र वा सरकारप्रमुख वा परराष्ट्र मन्त्रीको नाम)

अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणका लागि युनेस्कोको महासन्धि (२००३) हेरेर र यसको परिक्षण गरेर,

हामीमा निहित अधिकारको प्रयोग गरी यसलाई स्वीकृत गरेका छौँ र यसमा सन्निहित प्रावधान अनुसार यसलाई सम्पूर्ण रूपमा र यसका हरेक भागहरूलाई स्वीकार गर्दछौँ,

यसको धारा ३२ र ३३ अनुसार हामीले उपरोक्त महासन्धि अंगिकार। स्वीकार/समर्थन/प्रवेश गरेको घोषणा गर्दछौँ र यसको निष्ठापूर्वक पालना गरिनेछ भनी प्रण गर्दछौँ,

यसको प्रमाणस्वरूप हामीले हाम्रो छाप लगाएको अंगिकार/स्वीकार/समर्थन/प्रवेश गरेको दस्तावेज पेश गरेका छौँ ।

अंगिकार/स्वीकार/समर्थन/प्रवेश गरेको (*स्थान*)..........................................................

(*मिति*) ..........................................................................................

(*छाप*)

(*हस्ताक्षर*) ..........................................................................................
(राष्ट्र प्रमुख/सरकारप्रमुख/परराष्ट्र मन्त्री)

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

अमूर्त
सांस्कृतिक
सम्पदा

एक पुस्ता देखि अर्को पुस्तासम्म हस्तान्तरण भई आएको अमूर्त साँस्कृतिक सम्पदा निरन्तर रूपमा समुदाय र समूहद्वारा पुनर्निर्मित हुन्छ र यसले उनीहरूलाई पहिचान र निरन्तरताको बोध गराउँछ र यसरी साँस्कृतिक विविधता र मानव सृजनाशीलताका लागि सम्मान प्रबर्द्धन गर्दछ ।

एल्चीको रहस्यात्मक नाटक, स्पेन, फोटो © जेइमी ब्रटोन्स